मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्राल
कृषि विकास निर्देशनालय

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोनः ०३३-५२०६०५
Mob. 9852880501

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.०८१/०८२
च.नं.

### उन्नत वीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रमको प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/११

कृषि ज्ञान केन्द्र, सिरहाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विभाग (संघ शसर्त अनुदान) अन्तर्गत उन्नत वीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रमका लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस जिल्लामा वीउ उत्पादनको कार्यमा संलग्न रहेका ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारी संस्था/निजी कृषि फार्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२/०१/२५ गते) भित्र कृषि ज्ञान केन्द्र, सिरहामा आवश्यक कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्वन्धी थप जानकारीका लागि यस कार्यालयको वेबसाईटमा राखिएको प्रदेश तथा स्थानीय तहमा सशर्त बित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि, २०८१ मा हेर्न सकिन्छ वा ९८५२८८०५०१ (किरण विश्वकर्मा, बा.वि.अ.), ९८५२८५०६०५ (नथुनी यादव, अ.छैठौं), ९८५२८८०५०५ (रामकरण यादव, अ.छैठौं) सँग सम्पर्क गर्न सकिन्छ ।

तपसिलः

| क्र.स. | कार्यक्रम | विनियोजित रकम लाखमा | क्रियाकलाप तथा अनुदानको अधिकतम सिमा |
|---|---|---|---|
| १ | उन्नत वीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | १० | वीउ बिजन उत्पादन तथा प्रशोधन सँग सम्वन्धित पूर्वाधार निर्माणका क्रियाकलापहरुमा ५०%, र वीउ बिजन उत्पादन तथा प्रशोधन सँग सम्वन्धित यन्त्र उपकरणमा ५०%, अनुदान रहनेछ । |

आवश्यक कागजातहरुः

- रु.१० को टिकट टाँस सहित निवेदन ।
- वीउ उत्पादक संस्थाको नवीकरण सहित संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- वीउ बिजन व्यवसायिक उत्पादनको हकमा कार्यविधिको अनुसूची-२ अनुसारको प्रस्ताव ।
- निर्माण कार्यको हकमा प्राविधिकबाट स्वीकृत लागत अनुमान ।
- निजि फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको फोटोकपि ।
- निजि फर्मको हकमा गत आ.व. सम्म कर बुझाएकको वा कर छुट भएको भए सम्वन्धित स्थानीय तहको प्रमाण ।
- जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
- संस्थाको निर्णय सहित प्रत्येक सदस्यको नागरिकताको प्रतिलिपि ।
- प्रतिवद्धता पत्र ।
- आयोजना सम्वन्धी कार्यालयबाट माँग भएका अन्य आवश्यक कागजातहरु ।

.......................................
नरेन्द्र कुमार महासेठ
प्रमुख

नरेन्द्र कुमार महासेठ
प्रमुख